# कनकासुन्दरी गाउँपालिका

## विराट सिंजा,जुम्ला

# स्थानीय राजपत्र

खण्डः९ संख्याः१० मितिः२०८२/०३/१०

## भाग-२

## कनकासुन्दरी गाउँपालिका जुम्ला

बालगृह संन्चालन र व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावना: स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा त को ५ मा भएको व्यवस्था बमोजिम बालगृहको स्थापना,सञ्चालन,र व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाई कार्य अघि बढाउन वाञ्छनीय भएकोले ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८२।०२।०५ गतेको बैठकले पारित गरी यो कार्यविधि लागू गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक:

१. **संक्षिप्त नाम र प्रारम्भ: १ यस कार्यविधिको नाम"** बाल गृह सञ्चालन र व्यवस्थापन कार्यविधि,२०८२ **"रहेको छ।**

२ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"अनाथ"** बालबालिका भन्नाले प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालयबाट अनाथ प्रमाणित भएका वा देहायका कुनै बालबालिकालाई सम्झनुपर्दछ।

१) बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बावुआमा फेला नपरेको भनि सिफारिस भै आएको ।

२) अस्पताल वा स्वास्थ्य संस्थामा बेवारिसे अवस्थामा छाडिएका।

३) बावुआमा पत्ता नलागेको।

४) बाबुआमा दुवैको मृत्यू भई पालन पोषणको लागि कुनै वैकल्पिक उपाय नभएको र अन्य संरक्षकहरु समेत नभएको।

(ख) "**विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ बमोजिमका बालबालिका सम्झनुपर्दछ।

(ग) "**बालगृह सञ्चालन मापदण्ड**" भन्नाले नेपाल सरकारबाट जारी भएको आवासीय बालगृहको सञ्तालन तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०८२ लाई सम्झनुपर्दछ।

(घ) **"ऐन**" भन्नाले बालबालिका सम्बन्धी ऐन २०८२ सम्झनुपर्दछ।

(ङ) " **नियमावली"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०८२ बमोजिम बन्ने नियमावली सम्झनु पर्छ।

(च) **" गाउँपालिका"** भन्नाले कनकासुन्दरी गाउँपालिकालाई सम्झनुपर्दछ।

(छ) **" अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ज) **" उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

(झ) " **प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कनकासुन्दरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ञ) " **महाशाखा प्रमुख"** भन्नाले सामाजिक विकास महाशाखाको प्रमुखलाई सम्झनुपर्दछ।

(ट) " **बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनुपर्दछ।

(ठ) " **बालबालिका विरुद्धको हिंसा"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०८२ को दफा ६६ को उपदफा २ बमोजिमको कार्य सम्झनुपर्दछ।

(ड) " **बाल यौन दुर्व्यवहार"** भन्नाले बालबालिका सम्बन्धि ऐनको दफा ६६ को उपदफा ३ बमोजिमको कार्य सम्झनुपर्दछ।

(ढ) **" विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ बमोजिमका बालबालिका सम्झनुपर्दछ।

(ण) **" सञ्चालक"** भन्नाले निजी क्षेत्र वा सामाजिक संघ संस्थाबाट सञ्चालन गर्ने मुख्य व्यक्ति वा सम्बन्धित बालगृह सञ्चालन गर्ने सञ्चालक समिति सम्झनुपर्दछ।

(त) "**मापदण्ड**" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको एकीकत आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०८२ सम्झनुपर्दछ ।

(थ) "**निर्देशक समिति**" परिच्छेद ३ बमोजिम गठन हुने नगरस्तरीय समिति सम्झनुपर्दछ ।

(द) "**व्यवस्थापन समिति**" भन्नाले बाल गृह सञ्चालन गर्न सम्बन्धित निकायले तोकेको सञ्चालक समितिलाई सम्झनुपर्दछ र सो शब्दले संस्थाको सञ्चालक समेतलाई जनाउछ

(घ) "**सामाजिक संस्था** " भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## उद्देश्य, सञ्चालन, व्यवस्थापन, दायित्व तथा कार्यशर्तहरु

३. <u>बालगृह स्थापनाको उद्देश्य</u>

(क) असहाय बालबालिकाहरुलाई आधारभूत आवश्यकताको परिपिं साचे शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने ।

(ख) बालगृहमा आश्रित बालवालिकाहरुलाई आश्रयको साथै वालवालिकाको शारीरिक, मानसिक विकास र खेलकुद तथा मनोरञ्जनको सुविधाहरु उपलब्ध गराउने ।

(ग) बालगृहमा आश्रित वालवालिकाहरुको शिक्षाको लागि आवश्यकतानुसार शिक्षकको व्यवस्थापन तथा विद्यालयमा अध्ययन गर्ने व्यवस्थापन गर्ने।

(घ) अनाथ, असहाय, विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक गतिविधि तथा कार्यक्रम व्यवस्थापन गर्ने ।

(ङ) बालबालिका सम्बन्धी ऐनले गरेको प्रावधान वमोजिम वालगृहमा आश्रित बालबालिकाहरुको अधिकारलाई सुनिश्चित गर्ने ।

४. **नेपाल सरकारबाट स्वीकृत एकीकृत मापदण्ड** : सामाजिक सस्थाबाट सञ्चालन गरिने सबै प्रकारका बालगृहले न्यूनतम रुपमा नेपाल सरकारवाट स्वीकृत भएको एकीकृत आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२ बमोजिम वालगृह सञ्चालन गर्नुपर्नेछ ।

५. **बालगृह सञ्चालन पूर्वस्वीकृति लिनुपर्ने:** सामाजिक संस्थाले यस पोखरा महानगरपालिका क्षेत्रभित्र वालगृह स्थापना तथा सञ्चालन गर्न चाहेमा प्रचलित ऐन मापदण्ड र यस कार्यविधिको अधिनमा रही कनकासुन्दरी गाउँपालिकामा पूर्वस्वीकृतको लागि अनूसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।निर्देशक समितिले आवश्यक ठानेमा देहायका आधारमा पूर्वस्वीकृति दिन सक्नेछ।

क) प्रचलित कानून बमोजिम दर्ता भएको, विधान संलग्न राख्नुपर्ने।

ख) आवश्यक पूर्वाधार विकासको लागि स्रोतको सुनिश्चितता भएको,

ग) आवश्यक बजेट रकमको दीर्घकालिन व्यवस्थाको सुनिश्चितता हुने प्रमाण,

घ) समितिले आवश्यक ठानेको अन्य विषयहरु ।

**६. बालगृह संचालन अनुमति सम्बन्धमा :**

१. दफा ५ बमोजिम पुर्वस्वीक्ति लिएका र दफा ७ बमोजिम मापदण्ड पूरा गरेका सस्थाले संचालन अनुमतिका लागि अनुसूचि-३ अनुसारको ढांचामा निवेदन दिनुपर्नेछ । निवेदनसंग निम्न कागजात संलग्न राख्नुपर्नेछ ।

क) पूर्व स्वीक्ति पत्र

ख) आवश्यक पूर्वाधार निर्माण गरेको प्रमाण भवन सम्पन्न प्रमाणपत्र, भाडामा लिएको भए घर भाडा सम्झौता।

ग) दातृ निकाय वा अन्य संस्थाबाट स्रोत प्राप्त गर्ने सम्बन्धमा सम्झौता प्रभावकारी भएको

घ) समितिले तोकेको अन्य शर्त

२ महानगरपालिकाले ऐन, नियमावली, मापदण्ड र यस कार्यविधि अनुरुप हुने गरि आवश्यकता हेरेर बालगृह सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

३ अनुमति दिनुपुर्व सो वालगृहमा न्यूनतम मापदण्ड पुरा भए/नभएको सम्बन्धमा निर्देशक समितिले स्थलगत अनुगमन गर्नुपर्नेछ सो समितिमा छलफल गरि आवश्यक निर्णय गरिनेछ ।

४ यो कार्यविधि लागू हुनु भन्दा पहिले सञ्चालनमा रहेका वालगृहहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ।

७. <u>वालगृहले पुरा गर्नुपर्ने अनिवार्य दायित्व तथा कार्यशर्तहरु</u>

क) बालबालिकाको शारीरिक, मानसिक विकास हुने, वालवालिकाको सुरक्षा, उचित हेरचाह तथा स्याहारसंहार र बालमैत्री वातावरणमा हुर्कन पाउने व्यवस्था गरी बालगृह संचालन गर्नुपर्नेछ ।

ख) असहाय, असक्त र अपाङ्ग बालबालिकाको लागि बालग्रहमा विशेष व्यवस्था गरिनुको साथै उनीहरुको हेरचाह र स्याहारसंहार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ग) बालवालिका सम्बन्धी ऐन, २०७५ बमोजिम वालवालिकाको सर्वोत्तम हित हुने गरी वालमैत्री वातावरणको पूर्ण रुपमा व्यवस्था गरेर मात्र वालगृह स्थापना तथा सञ्चालन गर्नुपर्नेछ ।

(घ) बाल गृहमा पर्याप्त सुरक्षा व्यवस्थासहित खाने, बस्ने, सुत्ने, खेल्ने र अध्ययनको लागि आवश्यक मापदण्ड अनुसारको कोठा तथा स्थानको व्यवस्था मिलाउनुपर्नेछ । वालगृह सञ्चालन हुने भवन विपद जोखिमको दृष्टिकोणबाट सुरक्षित समेत हुनुपर्नेछ।

ङ)वालगृहमा उमेर अनुसार पोषणयुक्त खानाको सुनिश्चितता, नियमित स्वस्थ्य जांचको व्यवस्था हुनुपर्नेछ र थप उपचारको लागि अस्पतालसँग सहकार्य र सम्झौता हुनुपर्नेछ ।

(च) बाल गृहमा रहेका वालवालिकाको लागि आवश्यक पाठ्यपुस्तक र बालबालिकाको शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्नेछ। वालगृहमा रहने वालवालिकालाई नजिकको विद्यालयमा भर्ना तथा पठनपाठनको व्यवस्था मिलाउनुपर्नेछ ।

(छ) बालगृहमा बसोवास गर्ने बालबालिकामा कुनै पनि प्रकारको शारीरिक र मानसिक समस्या नहुने गरी बालमैत्री वातावरणको व्यवस्था मिलाउनुपर्नेछ । वालश्रमको रुपमा प्रयोग गर्न पाइनेछैन ।

(ज) वाल ग्रहमा वसोवास गर्ने कुनै पनि वालवालिका विरुद्ध हिंसा, बाल यौन दुव्र्व्यवहार नहुने व्यवस्था मिलाउनुपर्नेछ ।

(झ) वाल गृहमा रहेका अपाङ्गता भएका वालवालिकाको लागि विशेष व्यवस्था गर्ने, अपाङ्गमैत्री वातावरणको व्यवस्था मिलाउन तथा बालक र बालिकाको लागि बेग्ला बेग्लै बस्ने सुत्ने र अध्ययन गर्ने कोठा,शौचालय र शौचालय, र स्नानकक्षको व्यवस्था गर्नुपर्नेछ ।

(ञ) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५३ बमोजिम विशेष सरक्षणको आवश्यकता भएका बालवालिकाको पुनस्थापना नभएसम्म वा त्यस्तो बालवालिका अठार वर्ष नपुगेसम्मलाई बालगृहमा राख्नुपर्नेछ ।

(ट) बालगृहमा रहेका वालवालिकाको बावुआमा वा अभिभावक पत्ता लागेमा र बालवालिकाको उच्चतम हित हुने भएमा पारिवारिक पुनर्मिलन गराउनुपर्नेछ ।

(ठ) बालगृहमा भान्सा कोठा, भोजन कोठा, बस्ने, सुत्ने र खेलकुद मैदान सफा र स्वस्थ हुने गरी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

(ड) बालबालिकाको आवश्यक सुरक्षाको लागि बालगृहको कम्पाउण्ड वाल तथा भवनको पूर्णरुपमा सुरक्षाको व्यवस्था मिलाउनुपर्नेछ ।

(ढ) कुनैपनि वालगृहमा धर्म परिवर्तन र धार्मिक प्रभाव पार्ने खालका कुनैपनि गतिविधिहरु सञ्चालन गर्न पाइने छैन ।

(ण) कुनै एक बालगृहमा रहेका वालबालिकालाई मनासिब कारण र पर्याप्त आधार विना अर्को स्थान वा बालगृहमा स्थानान्तरण,हस्तान्तरण र ओसारपसार गर्न पाइने छैन,त्यस्तो प्रयोजनको लागि सिफारिस उपलब्ध गराइने छैन।

(त) गाउँपालिका भित्रको बालबालिकालाई संरक्षणको लागि पहिलो प्राथमिकता दिनुपर्नेछ ।

(थ)अभिभावकको पहिचान भएका परिवारमा नै पुर्नस्थापना हुन सक्ने प्रकृतिका वालवालिकाहरुलाई यथाशिघ्र पुर्नस्थापना प्रकृयामा लैजानुपर्नेछ ।

(द)१८ वर्ष उमेर पुग्ने बालवालिकालाई पुर्नस्थापनाको योजना दुई वर्ष पहिले देखि नै गर्नुपर्नेछ ।

(घ)बालगृहमा रहेका वालवालिकाको सम्पूर्ण जिम्मेवारी बालगृह सञ्चालकको सम्बन्धित बालगृहको नै हुनेछ ।

(न) कुनै वालगृह संचालकले कुनै कारणले संस्थाको हक हस्तान्तरण विकी वितरण गर्ने सम्बन्धि व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(प)अन्य मापदण्ड तथा व्यवस्थाहरु नेपाल सरकारवाट जारी भएको आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०६९ बमोजिम हुनेछन् ।

८. **आर्थिक भार सम्बन्धित संस्थाको हुने**: गाउँपालिकाको स्वीकृतिवाट सञ्चालनमा आउने वालगृहहरुले गृहको सम्पूर्ण आर्थिक तथा व्यवस्थापकीय खर्च भने स्वयं संस्थाबाटै व्योहर्नुपर्नेछ तर संस्थालाई नियमानुसार राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रसंग उद्देश्य विपरीत नहुने गरी अनुदान लिन यस दफाले कुनै बाधा पार्ने छैन ।

## परिच्छेद ३

## निर्देशक समितिको व्यवस्था

९. बालगृह सञ्चालन, व्यवस्थापनको लागि आवश्यक निर्देशन गर्न, र समन्वय, नियमन, अनुगमन लगायत आवश्यक कार्यहरु गर्न पोखरा महानगरपालिकाका उपप्रमुखज्यूको संयोजकत्वमा एक निर्देशक समिति रहनेछ ।

१०. **समितिको गठन** : समितिमा देहाय अनुसारका सदस्यहरु रहनेछन् ।

सयोजकः उपप्रमुख
सदस्यः प्रमुख प्रशासकीय अधिकृत
सदस्य : सम्वन्धित वालगृह सञ्चालन हुने स्थानको वडाअध्यक्ष
सदस्यः गाउँसभा सदस्यहरु मध्येबाट महिला सदस्य १ जना
सदस्यः सामाजिक विकास महाशाखा प्रमुख
सदस्यः शिक्षा महाशाखा प्रमुख
सदस्यः स्वास्थ्य महाशाखा प्रमुख
सदस्यः जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि १ जना
सदस्यः जिल्ला प्रहरी कार्यालयको प्रमुख अथवा प्रतिनिधि १ जना
सदस्यः बालगृह संजाल कास्की, अध्यक्ष
सदस्य सचिवः अधिकृत, सामाजिक विकास महाशाखा
आवश्यकता हेरी सम्वन्धित क्षेत्रको विज्ञ वा सरोकारवाला पदाधिकारी/व्यक्तिलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ ।

११. **समितिको काम कर्तव्य अधिकार**
१ वालगृह सञ्चालन अनुमति दिने ।
२. बालगृहहरुको अनुगमन, नियमन गर्ने ।
३ बालगृहमा पुर्नस्थापना गर्नुपर्ने वालाबालिकाको हकमा सिफारिस गरि पठाउने ।

४ आवश्यकता अनुसार वालगृहसंग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ४

## सिफारिस र स्थानान्तरण

१२. बालबालिकालाई बालगृहमा सिफारिस गर्ने व्यवस्थाः बालबालिकालाई बालगृहमा राख्न सिफारिस गर्नुपदां सम्बन्धित वडा कार्यालयले देहायको कुरा एकीन गरेर बालगृहमा पठाउन अन्तिम विकल्पको रुपमा रहेको भए मात्र महानगरपालिकामा लेखि पठाउनुपर्नेछ ।

क) प्रचलित कानून र यस कार्यविधिमा तोकिए अनुसारको वास्तविक अनाथ तथा विशेष संरक्षणको आवश्यकता भएका वालवालिका हो होइन एकीन गरि सिफारिस गर्नुपर्नेछ ।

ख) वेवारिसे वा असाहाय अवस्थामा फेला परेका वा फेला पारी पठाइएका नवजात शिशु वा आफ्नो बाबुआमा र परिवारको वारेमा जानाकारी दिन नसक्ने अवस्थामा रहेका बालबालिकाको हकमा सोही व्यहोरा खुलाएर वडा कार्यालय र स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि समेतको रोहवरमा तयार गरिएको सर्जमिन मुचुल्का समेत समावेश गरि सिफारिस गरि नुपर्नेछ ।

ग) अन्तरजिल्ला अन्तरपालिकाको बलबालिकाको हकमा सिफारिस गदां सम्बन्धित जिल्लाको सम्बन्धित स्थानीय तह नै जिम्मेवार रहनेछ ।

घ) बालबालिकाको सर्वोत्तम हीतलाई ध्यानमा राखी उचित र पर्याप्त कारण विना बालगृहमा राखिदिन भनि सिफारिस गर्न मिल्ने छैन ।

१३. बालगृहमा रहेका बालबालिकाको स्थानान्तरण सम्बन्धमा कुनै एक वालगृहमा आश्रित बालबालिकालाई मनासिव कारण बिना अर्को बालगृहमा स्थानान्तरण गर्न मिल्ने छैन । स्थानान्तरण गर्नेपर्ने मनासिव कारण भएमा सो को स्पष्ट प्रमाण र विवरण खुलाई महानगरपालिकामा निवेदन पेश गर्नुपर्नेछ । निवेदन उपर समितिले निर्णय गर्नेछ ।

## परिच्छेद ५

## शुल्क तथा नविकरण,

१४. संचालन अनुमति शुल्क दस्तुर सम्बन्धी व्यवस्था नयाँ बालगृह सञ्चालन अनुमतिको लागि रु५०००।- दस्तुर लाग्नेछ । बालगृह नविकरणको लागि महानगरपालिकाको संस्था दर्ता तथा नविकरण कार्यविधिमा भएबमोजिम हनेछ ।

## परिच्छेद ६

## पूर्वसहमति

१५. **बालगृहहरुलाई परियोजना संचालनको निमित्त पूर्वसहमति दिने सम्बन्धी व्यवस्था :**

क) बालगृहहरुलाई परियोजनाको प्रस्ताव दातृ निकायहरु समक्ष पेश गर्ने बखत पूर्व सहमति आवश्यक भएमा महानगरपालिका समक्ष निवेदन र सस्थागत कागजातहरु पेश गर्नुपर्नेछ ।

ख) परियोजना सल्लाहकार समिति समक्ष प्रस्तावित बजेट कार्यक्रम प्रस्तुत गर्नुपर्नेछ ।

ग )समितिमा छलफल गरि उपयुक्त लागेमा पुर्वसहमति प्रदान गर्न सकिनेछ

## परिच्छेद ७

## प्रतिवेदन, अभिलेखिकरण र अनुगमन

१६. प्रतिवेदन र अभिलेखिकरण :

क। प्रत्येक बालगृहहरुले बालगृहमा वसोवास गर्ने सम्पूर्ण बालबालिकाहरुको विवरण अद्यावधिक गरि राख्नुपर्नेछ ।

ख) प्रत्येक चार चार महिनामा महानगरपालिकामा तोकिएको ढाँचामा विवरण पेश गर्नुपर्नेछ। ढांचाको नमुना अनुसूचि३ मा सलग्न राखिएको

१७. बालगृहको अनुगमन तथा सामाजिक परिक्षण :

कः यस कार्यविधि वमोजिमको निर्देशक समिति तथा समाजिक विकास महाशाखावाट समय समयमा वालगृहहरुको अनुगमन गर्न सकिनेछ ।

ख। अनुगमन गर्ने निकाय तथा पदाधिकारीहरुले दिएको निर्देशन तथा सुझावहरुको पालना गर्नु तथा सो को कार्यान्व्यन गर्नु सम्बन्धित वालगृह प्रशासक, सञ्चालक तथा व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

ग) बालगृहको सेवा सुविधा तथा व्यवस्थापन वारे प्रत्येक वर्ष सरोकारवालाहरुको सहभागितामा वालगृहले सार्वजनिक सुनुवाइ तथा सामाजिक परिक्षण गर्नुपर्नेछ ।

## परिच्छेद ८

## विविध

१८. सम्पर्क शाखाः वालगृहरुहरुको लागि पोखरा महानगरपालिकाको सामाजिक विकास महाशाखा सम्पर्क समन्वय महाशाखाको रुपमा रहनेछ ।

१९. कार्यविधिको पालना वालगृहहरुले प्रचलित ऐन, नियम तथा यो कार्यविधिको पूर्ण पालना गर्नुपर्नेछ ।

२०. कार्यविधि हेरफेर वा संशोधन कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्नुपरेमा समिति मार्फत कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

## अनुसूचि १

## पूर्व स्वीक्तिको लागि निवेदनको ढाँचा

श्रीमान् उपाध्यक्ष ज्यू
गाउँ कार्यपालिकाको कार्यालय
कनकासुन्दरी गाउँपालिका।

**विषय - बालगृह संचालनको लागि पूर्वस्वीकृति दिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा मिति............ मा...............कार्यालयमा संस्था दतां ऐन कार्यविधि अनुसार दर्ता भएको........... सस्थालाई बालगृह संचालन गर्न पूर्वस्वीकृति प्रदान गरिदिनुहुन अनुरोध छ ।

संलग्न कागजात
१.

२.
३.
४.

निवेदक

## अनुसूचि २

## पूर्वस्वीकृति पत्रको ढाँचा

श्री अध्यक्ष
......................
......................

विषयः पूर्वस्वीकृक्ति प्रदान गरिएको ।

प्रस्तुत विषयमा तहां संस्थाबाट वालगृह संचालन प्रयोजनाचं पूर्वस्वीकृति माग भई आएकोमा कनकासुन्दरी गाउँपालिकाको बालगृह संचालन व्यवस्थापन कार्यविधि २०८२ बमोजिम निर्देशक समितिको निर्णय अनुसार बालगृह संचालानार्थ पूर्वस्वीकृति प्रदान गरिएको छ ।

अधिकारीको दस्तखत

## अनुसूचि ३

## अनुमतिको लागि निवेदन ढाँचा

श्रीमान् उपप्रमुखज्यू

गाउँकार्यपालिकाको कायर्यालय

कनकासुन्दरी गाउँपालिका ।

**विषयः बालगृह संचालनको लागि अनुमति दिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति………… मा…………… यस कार्यालयमा संस्था दतां ऐन कार्यविधि अनुसार दतां भएको का संस्थालाई बालगृह संचालन कार्यविधि २०८२ बमोजिम मापदण्ड पुरा गरेकाले बालगृह संचालन गर्न अनुमति प्रदान गरिदिनुहुन अनुरोध छ ।

## अनुसूचि ४

## अनुमति पत्रको ढाँचा

श्री अध्यक्ष
…………………
………………

**विषय : अनुमति प्रदान गरिएको ।**

प्रस्तुत विषयमा तहाँ संस्थाबाट चालगृह संचालन प्रयोजनार्थ अनुमति माग भई आएकोमा पोखरा महानगरपालिकाको बालगृह संचालन व्यवस्थापन कार्यविधि २०८२ बमोजिम न्यूनतम मापदण्ड पुरा गरेको देखिएकोले निर्देशक समितिको निर्णय अनुसार मापदण्ड अनुरुप बालगृह सचालानार्थ अनुमति प्रदान गरिएको छ ॥

अधिकारीको दस्तखत

## अनुसूची ५

## बालगृहहरुको चौमासिक प्रगती प्रतिवेदन फारम

| सि.न. | विवरण | हालसम्मको प्रगती |
|---|---|---|
| १ | बालगृहको नाम | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बालगृह सचालन गर्ने संस्थाको नाम | | | | |
| ३ | बालगृहको ठेगाना | | | | |
| ४ | बालगृह संचालक समितिका सदस्य पदाधिकारी संख्या | | | | |
| ४.१ | महिला | | | | |
| ४.२ | पूरुष | | | | |
| ४.३ | अन्य | | | | |
| ५ | बालगृह संचालक समितिका अध्यक्षको नाम | | | | |
| ५.१ | ठेगाना | | | | |
| ५.२ | सम्पर्क नं. | | | | |
| ५.३ | इमेल ठेगाना | | | | |
| ६ | बालगृहको आश्रित क्षमता | | | | |
| ६.१ | बालक | | | | |
| ६.२ | बालिका | | | | |
| ६.३ | जम्मा | | | | |
| ७ | हाल बालगृहमा आश्रित बालबालिका | | | | |
| ७.१ | जिल्ला भित्रका | बालक संख्या | | बालिका संख्या | |
| ७.२ | जिल्ला बाहिरका | बालक संख्या | | बालिका संख्या | |
| ७.३ | जम्मा | बालक संख्या | | बालिका संख्या | |

| | | |
|---|---|---|
| ८ | बालगृहको आश्रित बालबालिका मध्ये | |
| ८.१ | बाबु आमा दुवै नभएका बालबालिका | |
| ८.२ | बाबु मात्र नभएका बालबालिका | |
| ८.३ | आमा मात्र नभएका बालबालिका | |
| ९ | बालगृह संचालनका लागि सहयोगी (दातृ संस्था) | |

| | | |
|---|---|---|
| १० | बालगृह संचालनका लागि आफ्नै भवन भएको वा नभएको | |
| ११ | अन्य | |

## अनुसूचि ६
## अनुगमन चेकलिस्ट

| क.स | विषय/क्षेत्र | अनुगमनको क्रममा देखिएको अवस्था |
|---|---|---|

| | | |
|---|---|---|
| १ | बालगृहको कानूनी हैसियत,दर्ता भए नभएको,नियमित लेखापरिक्षण नविकरण गरे नगरेको आदि | |
| २ | मापदण्ड बमोजिम आधारभूत सेवा सुविधा उपलब्ध भए/नभएको | |
| ३ | बालअधिकार हनन तथा बालसंरक्षण सम्बन्धि जोखिम जस्तै दुर्व्यवहार हिंसा शोषण भेदभाव आदिको अवस्था | |
| ४ | समग्र बालबालिकाको अवस्था तथा व्यवस्थापन क्षमता | |
| ५ | अन्य/विविध | |

**मितिः२०८२।०३।०५ गते**

**आज्ञाले,**
**प्रमुख प्रशासकीय अधिकृत**